आज मिति २०७५ साल श्रावन २० गते का दिन यस रासी सोनारी गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री लाहुराम थारुज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री लाहुराम थारु | अध्यक्ष | |
| २. | श्री धनिकुमारी खत्री | उपाध्यक्ष | |
| ३. | श्री चन्द्र बहादुर वली | १ नं वडा अध्यक्ष | |
| ४. | श्री मदन कुमार वली | २ नं वडा अध्यक्ष | |
| ५. | श्री गंगाराम थारु | ३ नं वडा अध्यक्ष | |
| ६. | श्री कान्छा थारु | ४ नं वडा अध्यक्ष | |
| ७. | श्री झगरु थारु | ५ नं वडा अध्यक्ष | |
| ८. | श्री जनक बहादुर थारु | ६ नं वडा अध्यक्ष | |
| ९. | श्री रामलखन थारु | ७ नं वडा अध्यक्ष | |
| १०. | श्री खुम बहादुर बस्नेत | ८ नं वडा अध्यक्ष | |
| ११. | श्री महावीर वली | ९ नं वडा अध्यक्ष | |
| १२. | श्री नीना कुमारी खत्री | कार्यपालिका सदस्य | |
| १३. | श्री मिना कुमारी बिष्ट | कार्यपालिका सदस्य | |
| १४. | श्री लिला नेपाली | कार्यपालिका सदस्य | |
| १५. | श्री दमकला जैसी | कार्यपालिका सदस्य | |
| १६. | श्री पतरी दमाई | कार्यपालिका सदस्य | |
| १७. | श्री देवराज कुमाल | कार्यपालिका सदस्य | |
| १. | श्री टोपेन्द्र बहादुर के.सी. | प्रमुख प्रशासकीय अधिकृत (उप सचिब) | |

प्रमुख प्रशासकीय अधिकृत
रा.प.द्वितीय

निर्णय नं. १

यस राप्ती सोनारी गाउँपालिकाको तेश्रो गाउँ सभाबाट तपसिलका सवारी साधन खरिद गर्नका लागि बजेट विनियोजन गरिएको हुँदा खरिद प्रक्रिया अगाडी बढाउने ।

तपसिल

१. जिप — १ (एक) थान
२. ग्रेडर मेसिन — १ (एक) थान
३. रोलर — १ (एक) थान
४. एम्बुलेन्स — १ (एक) थान

निर्णय नं. २

यस गाउँपालिकाको आ.व. २०७४/०७५ को अन्तरिक लेखा परिक्षण गर्नका लागि यस कार्यालयमा अन्तरिक लेखा शाखा गठन नभएको हुँदा कोष तथा लेखा नियन्त्रक कार्यालय बाँकेलाई अन्तरिक लेखा परिक्षण गरिदिनुहुन भनि अनुरोध गर्ने ।

निर्णय नं. ३

कुसुम जलमापन केन्द्रमा जलमापनको कार्य गरि सम्बन्धित निकायहरुमा सूचना दिने गरेका श्री भद्र बहादुर थापालाई तपसिलको सामग्री र खाजा खर्च उपलब्ध गराउने ।

तपसिल

१. मोबाइल सेट — १ (एक) थान रु १५०००/- (पन्ध्र हजार) नबढ्ने गरी ।
२. खाजा खर्च — बार्षिक एकमुस्ट रु २००००/-( बिस हजार)
३. छाता र टर्च — १|१(एक | एक) थान

निर्णय नं. ४

यस कार्यालयबाट आ.व. २०७४/०७५ को बजेटबाट वडा नं. ८ को राजमार्ग देखि बालापुर सम्म कालोपत्रे गरी निर्माण कार्य सम्पन्न भएको र काममा गुणस्तर नभएको भनि जनगुनासो प्राप्त भएको र गाउँपालिका अध्यक्षज्यू समेतको टोलीले बाटो निरिक्षण गरी बाटो सन्तोसजनक नदेखिएकाले बास्तबिकता के कस्तो हो छानबिन गर्नका लागि तिन सदस्य छानबिन समिति गठन गर्ने गरी एक महिना भित्र रायसुझाब सहित प्रतिबेदन पेश गर्ने ।

तपसिल

१. चन्द्र बहादुर वली, वडा अध्यक्ष, वडा नं. १ ---------------- संयोजक
२. प्र.प्र.अ ले तोकेको एक जना कर्मचारी --------------------- सदस्य
३. संयोजकले तोकेको एक जना प्राविधिक --------------------- सदस्य

२०७५/८/२०

लाहुराम थारु
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत
रा.प.द्वितीय